RPKS Associates
Chartered Accountants
36 Santosh Marga
New Baneshwor, Kathmandu, Nepal
Contact: 015244930
www.rpks.com.np
Email: contact@rpks.com.np
Firm Regd No: 585, PAN 620169369

**राममणी बहुमुखी क्याम्पस**

**तिलोत्तमा ५, रूपन्देही**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

हामीले यसै साथ संलग्न **श्री राममणी बहुमखि क्याम्पस** को ३१ असार २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, सो सँग सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

**हाम्रो रायमा,**

प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छैन। वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुदाँ संत्रमणकालिन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन। सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ। नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ।

उल्लेखित विषयवस्तुको सारगर्भियताका कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु तयार भएको छ भनि राय व्यक्त गर्नका लागि पर्याप्त एंव उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं। यद्यपी नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) पालना नगर्दा वित्तीय विवरणहरुमा पर्ने असर र कैफियत सहितको रायका आधारमा उल्लेख गरिएको कुराहरूले पार्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्यन गर्दा, ३१ असार २०८१ को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा विगतका नेपाल लेखामान बमोजिम तथा अन्य कानुनी आवश्यकता बमोजिम समुचित तथा यथार्थ चित्रण गर्दछ।

**कै फियत सहितकोरायका आधारहरु,**

संस्थाले मिति २०६६।०५।०१ मा श्री शान्ति नमुना मा. वि बाट अग्रिम भाडा भुक्तानी गरी जग्गा भाडामा लिएको पाइयो। सो जग्गामा भारतीय राजदुतावासको अनुदानमा तिन तल्ले भवन निर्माण गरेको पाइयो, जसको समन्वय जिल्ला समन्वय समिति (साविकको जिल्ला विकास समिति) ले गरेको पाइयो। भवन निर्माण सम्पन्न पश्चात राजदुतावासले राममणी क्याम्पसलाई भवन हस्तान्तरण समारोह गरि शिलालेखमा नाम लेखी हस्तान्तरण गरेको

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

भनि हामिलाई जानकारी गराइएको भएतापनि माइनुट बाहेक कुनै औपचिरक कानुनी आधार भने हस्तान्तरण नगरेको हुँदा सम्पत्तीमा लेखाङ्कन नगरिएको पाइयो । साथै, मिति २०८१।०३।०९ मा श्री शान्ति नमुना मा. वि र राममणी बहुमुखि क्याम्पस बिच भएको नया करारनामा बमोजिम भाडामा लिएको जग्गाको अग्रिम भाडा रू. २८१,२५०।०० फिर्ता लिई उक्त जग्गामा बनेको भवन सहित श्री शान्ति नमुना मा. वि लाई नै भवनको पुर्नमुल्याङ्कन बाट हुन आउने मुल्य रू. १८,६४९,८८३।४२ (रू. १०,०००,०००।०० नगद र बाँकी उधारो) मा पहिलाको करार समाप्त गरि हस्तान्तरण गरेको पाइयो ।

यसरी, औपचिरक कानुनी आधारबिनाको सम्पत्ती पुर्नमुल्याङ्कन गरि यसै वर्ष सम्पत्तीमा लेखाङ्कन र सोही वर्ष हस्तान्तरण गरिएको भएकोले हामिले यस्तो लेखाङ्कन लेखामान र कानुनअनुरूप भएको यकिन गर्न असमर्थ भएका छौं । यसर्थ, हाम्रो रायमा उक्त लेखाङ्कनले वित्तीय प्रतिवेदनमा पारेको असर (सम्पत्ती र सञ्चितीको अधिक लेखाङ्कन) व्यापक हुने कुरामा हामी विश्वस्त छौं ।

हामीले लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा यस संस्थाको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

## आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो शत प्रतिशत छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौ । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

.............................................

सि. ए. राजमणि भट्टराई

आर. पि. के. एस एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८१।०७।१४

युडिन : **241108CA01240E6yTg**

# राममणि बहुमुखी क्याम्पस

# तिलोत्तमा ५, रूपन्देही

## २०८१ आषाढ ३१ वित्तीय स्थितिको विवरण

त्रि. वि. तर्फ

| | अनुसुची | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| पूजी तथा दायित्व | | | |
| पुंजीगत कोष | १ | ३६,४३२,९३३.०२ | ३६,३२१,८२२.०२ |
| संचित बचत/(न्यून) | | ५२,०९३,७६५.७८ | ३५,६८०,३७३.६६ |
| जम्मा | | ८८,५२६,६९८.८० | ७२,००२,१९५.६८ |
| उठन बांकी वाकदान (महायज्ञ) | | | |
| अक्षयकोष | | ५०५,०१५.०० | ५०५,०१५.०० |
| भुक्तानी दिन बाकी हिसाब | ३ | २०,७४३,७३२.२१ | ११,३७३,१२५.५८ |
| जम्मा | | २१,२४८,७४७.२१ | ११,८७८,१४०.५८ |
| कूल जम्मा | | १०९,७७५,४४६.०१ | ८३,८८०,३३६.२६ |
| सम्पत्ति तथा जायजेथा | | | |
| स्थिर सम्पत्ति | ४ | ४२,७८३,४६३.४३ | ४३,२७८,१८२.२० |
| खूद स्थिर सम्पत्ति | | ४२,७८३,४६३.४३ | ४३,२७८,१८२.२० |
| चालु सम्पत्ति | | | |
| पेश्की तथा पाउनुपर्ने हिसाब | ५ | ९,२७८,७६२.२४ | २५३,३४८.०० |
| उठन बांकी वाकदान (महायज्ञ) | | ३,७१५,५४३.५० | ३,७१५,५४३.५० |
| नगद तथा बैंक मौज्दात | ६ | ५३,९९७,६७७.१५ | ३६,६३३,२६२.५६ |
| जम्मा | | ६६,९९१,९८२.८९ | ४०,६०२,१५४.०६ |
| कूल जम्मा | | १०९,७७५,४४६.०१ | ८३,८८०,३३६.२६ |

मिति : २०८१/०७/१४          सबै अनुसुचीहरु वासलातका अभिन्न अंग हुन ।

स्थान : क्याम्पस कार्यालय

| विष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. रामहरि भट्टराई |
|---|---|---|---|
| लेखा प्रमुख | क्याम्पस प्रमुख | अध्यक्ष | लेखापरीक्षक |

R.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

# राममणि बहुमुखी क्याम्पस

# तिलोत्तमा ५, रूपन्देही

## आ.व.को २०८०।८१ को नगद प्रवाहको विवरण

### त्रि. वि. तर्फ

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| **क. संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| शूद्द बचत | (२,४२६,८७२.६९) | ७३४,१४४.०३ |
| ह्रासकट्टी खर्च | ३,९४२,४६३.७७ | ३,१२०,०७१.४७ |
| भवन पुर्नमुल्याकंन | १८,६४९,८८३.४२ | |
| फर्निचर पुर्नमुल्याकंन | १९०,३८१.३९ | |
| | २०,३५५,८५५.८९ | ३,८५४,२१५.५० |
| दायित्व हिसाबमा वृध्दिर(कमि) | ९,३७०,६०६.६३ | ३,१९१,२३४.०० |
| पाउनुपर्ने हिसाबमा (वृध्दि)रकमि | (९,०२५,४१४.२४) | ६०,०००.०० |
| **संचालन गतिविधिबाट नगद प्राप्ति** | २०,७०१,०४८.२८ | ७,१०५,४४९.५० |
| **ख. लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| स्थिर सम्पत्ति खरिद | (३,४४७,७४४.६९) | (९,३०१,६१३.०७) |
| स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त नगद | | ९,७३२,७३५.०० |
| **लगानी गतिविधिबाट नगद प्राप्ति** | (३,४४७,७४४.६९) | ४३१,१२१.९३ |
| **ग. वित्तिय गतिविधिबाट नगद प्रवाह** | | |
| पुंजीगत कोषमा थप | १११,१११.०० | ५६१,०००.०० |
| **वित्तिय गतिविधिबाट नगद प्राप्ति** | १११,१११.०० | ५६१,०००.०० |
| **जम्मा नगद परिवर्तन : क,ख र ग** | १७,३६४,४१४.५९ | ८,०९७,५७१.४३ |
| गत आ.व.को नगद तथा बैक मौज्दात | ३६,६३३,२६२.५६ | २८,५३५,६९१.१३ |
| **यस आ.व.को नगद तथा बैंक मौज्दात** | ५३,९९७,६७७.१५ | ३६,६३३,२६२.५६ |

मिति : २०८१/०७/१४

स्थान : क्याम्पस कार्यालय

| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
|---|---|---|---|
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

R.P.K.S. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU NEPAL

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था: २०४५

# राममणि बहुमुखी क्याम्पस
# तिलोत्तमा ५, रूपन्देही
त्रि. वि. तर्फ

**पुंजीगत कोष** — अनुसुची १

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| सहयोग | १८,८००.०० | १८,८००.०० |
| आजिवन सदस्य शुल्क | १०१,०००.०० | १०१,०००.०० |
| छात्रवृति कोष | ४,०२३,७११.०० | ३,९१२,६००.०० |
| चन्दा सहयोग स्थापनाकाल | ३,२२६,६३२.०२ | ३,२२६,६३२.०२ |
| महायज्ञ नगद दान | २९,०६२,७९०.०० | २९,०६२,७९०.०० |
| अक्षय कोष | ५०५,०१५.०० | |
| **जम्मा** | ३६,९३७,९४८.०२ | ३६,३२१,८२२.०२ |

**चालु दायित्व तथा ब्यवस्था**

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| लेखापरीक्षण शुल्क | ३०,०००.०० | ३१,७५०.०० |
| पुस्तकालय धरौटी (स्नातक तह) | २,०५५,५५०.०० | १,७९५,०५०.०० |
| पुस्तकालय धरौटी (स्नातकोत्तर) | ९७४,५००.०० | ८३०,५००.०० |
| उपदान कोष | १४,२३०,२९३.५८ | ७,२३०,२९३.५८ |
| क्यान्टीन धरौटी | ५,०००.०० | ५,०००.०० |
| ग्लोरियस कम्प्युटर | १०४,२०९.०० | १०४,२०९.०० |
| बिरामी विदा मूआव्जा | ९९५,९१९.०० | १२६,३२३.०० |
| विश्व विद्यालय अनुदान आयोग | | १,२५०,०००.०० |
| नागरिक लगानी कोष | २९८,५००.०० | |
| संचय कोष | १८९,४८२.२० | |
| तलब | १,३००,४१५.४३ | |
| रेसुगां ज्याक्सन निर्माण रोक्का ५ प्रतिशत | १५९,८६३.०० | |
| घर विदा मूआव्जा | ४००,०००.०० | |
| **जम्मा** | २०,७४३,७३२.२१ | ११,३७३,१२५.५८ |

| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
|---|---|---|---|
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

# राममणि बहुमुखी क्याम्पस
# तिलोत्तमा ५, रूपन्देही

त्रि. वि. तर्फ

**पेश्की तथा पाउनुपर्ने हिसाब** **अनुसुची ५**

| **विवरण** | **गत बर्ष (रु.)** | **गत बर्ष (रु.)** |
|---|---|---|
| श्री मोहनराज शर्मा | ६३,३४८.०० | २५३,३४८.०० |
| सापटी २ | २८४,११६.८२ | |
| टिडिएस | १६४.०० | |
| शान्ति नमुना मा. वि | ८,९३१,१३३.४२ | |
| **जम्मा** | ९,२७८,७६२.२४ | २५३,३४८.०० |

**नगद तथा बैंक मौज्दात** **अनुसुची ६**

| **विवरण** | **यस बर्ष (रु.)** | **गत बर्ष (रु.)** |
|---|---|---|
| नगद मौज्दात | ३,८८५.५७ | ६,७१४.२६ |
| **बैंक मौज्दात** | | |
| नेपाल बैंक लिमिटेड मणिग्राम ३०००१ | ३७,९२८.९७ | ३७,९२८.९७ |
| रा.वा.बैंक बुटवल चल्ती २९६४०१ | ५,९७४.४१ | २१६,३७४.४१ |
| एन. आइ. एम. बि बैंक मणिग्राम | ३२८,४५४.२१ | १,८००,०००.०० |
| सिटिजन बैंक इन्टरनेशनल १५२२०१ | १७४,९९२.०९ | ११२,९४९.५७ |
| हिमालयन (सिभिल) बैंक छात्रवृत्ति | २,४५२,१००.०० | १,९५२,१००.०० |
| ग्लोवल आइएमई बैंक मुद्धति | ६५०,०००.०० | ६५०,०००.०० |
| ग्लोवल आइएमई बैंक ०१५२ | ७७,४४३.६२ | ४२,६३८.११ |
| एन एम वि बैंक ०२०९६७००००००२ | २०,८५१,२४४.८१ | ४,७११,५०५.१४ |
| हिमालयन (सिभिल) बैंक उपदान | ७,२३०,२९३.५८ | ६,२००,०००.०० |
| एनआइसी एसिया चल्ती ५२४०४ | ५,०८३,३३२.७३ | १,९९२,६५१.३८ |
| एनआइसी एसिया ५२४०३ | २६२,३४९.७० | ३५,३४७.९६ |
| हिमालयन (सिभिल) बैंक करेन्ट | ६६४,६८६.९४ | ५९६,४३४.३८ |
| ज्योति बिकाश बैंक मणिग्राम | ५६,९१४.९३ | २,५२९,८४५.८१ |
| एनआइसी एसिया २x मुद्धति | ३,५००,०००.०० | ३,५००,०००.०० |
| माछापूच्छ्रे बैंक मुद्धति | १०,०००,०००.०० | १०,०००,०००.०० |
| माछापूच्छ्रे बैंक चल्ति | १,१५७,५७५.५९ | ७८८,२७२.५७ |
| सिटिजन बैंक मुद्धति | १,४६०,५००.०० | १,४६०,५००.०० |
| **जम्मा** | ५३,९९७,६७७.१५ | ३६,६३३,२६२.५६ |

| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
|---|---|---|---|
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था: २०४५

# राममणि बहुमुखी क्याम्पस
## तिलोत्तमा ५, रूपन्देही

**२०८०।०४।०१ देखि २०८१।०३।३१ गते सम्मको आय विवरण**
**त्रि. वि. तर्फ**

| | अनुसुची | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| शूल्क तथा सञ्चानल आम्दानी | ७ | ४१,८३४,१४१.५० | ४६,७२३,३३५.०७ |
| अन्य आम्दानी | | १०,४८२,१३३.०५ | ४,५१४,४४७.३८ |
| **जम्मा** | | ५२,३१६,२७४.५५ | ५१,२३७,७८२.४५ |
| **खर्च** | | | |
| व्यवस्थापन(संचालन) खर्च | ९ | १३,६१६,५२९.२७ | १४,८७५,८९२.९५ |
| कर्मचारी तलव भत्ता खर्च | ८ | ३७,१८४,१५४.२० | ३२,५०७,६७४.०० |
| ह्रासकट्टी खर्च | | ३,९४२,४६३.७७ | ३,१२०,०७१.४७ |
| **जम्मा** | | ५४,७४३,१४७.२४ | ५०,५०३,६३८.४२ |
| **यस वर्षको शुद्ध बचत (न्यून)** | | (२,४२६,८७२.६९) | ७३४,१४४.०३ |
| **गत वर्षसम्मको संचित बचत** | | ३५,६८०,३७३.६६ | ३४,९४६,२२९.६३ |
| **भवन पुर्नमुल्याकंन** | | १८,६४९,८८३.४२ | |
| **फर्निचर पुर्नमुल्याकंन** | | १९०,३८१.३९ | |
| **कूल सञ्चित बचत (न्यून) वासलातमा सारेको** | | ५२,०९३,७६५.७८ | ३५,६८०,३७३.६६ |

मिति : २०८१/०७/१४ सवै अनुसुचीहरु वासलातका अभिन्न अंग हुन ।
स्थान : क्याम्पस कार्यालय

| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
|---|---|---|---|
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था.: २०४५

# राममणि बहुमुखी क्याम्पस
# तिलोत्तमा ५, रूपन्देही

त्रि. वि. तर्फ

आम्दानीहरु

अनुसुची ७

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| **प्रत्यक्ष आम्दानी** | | |
| भर्ना शुल्क | १२,०९८,९००.०० | ९,६५९,१००.०० |
| मासिक शुल्क | २३,३५७,४४०.०० | २५,००९,०७०.०० |
| परीक्षा शुल्क | ३,७९३,६७५.०० | ४,४३१,२९०.०० |
| त्रि.वि. सेवाशुल्क | ८०६,१००.०० | ९४७,५००.०० |
| रजिष्ट्रेशन शुल्क | २६९,८००.०० | २७६,६००.०० |
| पुस्तकालय शुल्क | ३६४,५००.०० | ३९३,२००.०० |
| यातायात शुल्क | १,१००,५५०.०० | १,१५६,७७५.०० |
| विविध शुल्क | ४३,१७६.५० | ३०,०००.०० |
| **जम्मा** | ४१,८३४,१४१.५० | ४१,९०३,५३५.०० |
| **अनुदान** | | |
| विश्वविद्यालय अनुदान आयोग | ४,२२५,०००.०० | २,१५०,०००.०० |
| **अन्य निकाय** | | |
| लुम्बिनी प्रदेश सरकार | १,१०२,८६२.५० | २,६६९,८००.०७ |
| तिलोत्तमा नगरपालिका | ९८,४६९.०० | |
| **जम्मा** | ५,४२६,३३१.५० | ४,८१९,८००.०७ |
| **अन्य** | | |
| थेसिस/ प्रोपोजल शुल्क | ७९२,७५०.०० | २०७,१००.०० |
| त्रि.वि. परीक्षा | १३९,९९२.०० | १५६,८५५.५० |
| अभ्यास शिक्षण/व्यवसायिक तालिम | २९७,०००.०० | ४६३,८००.०० |
| विज्ञापन | १,५००.०० | ४,८००.०० |
| बैंक व्याज | १,८९३,८८४.५५ | १,८५८,५१८.८८ |
| टि शर्ट | ६७,८५०.०० | ३९,६००.०० |
| क्यान्टिन | ७७,७८५.०० | ७५,०६०.०० |
| कन्ट्र्याक्ट फारम शूल्क | ५,०००.०० | |
| सहयोग प्राप्त | | १४०,०००.०० |
| अन्य | १,४९८,७९०.०० | १,५६८,७१३.०० |
| भाडा फिर्ता | २८१,२५०.०० | |
| **जम्मा** | ५,०५५,८०१.५५ | ४,५१४,४४७.३८ |
| **कूल जम्मा** | ५२,३१६,२७४.५५ | ५१,२३७,७८२.४५ |

| | | | |
|---|---|---|---|
| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

R.P.K.S. ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU NEPAL

राममणि बहुमुखी क्याम्पस
तिलोत्तमा-५, मणिग्राम

# राममणि बहुमुखी क्याम्पस
# तिलोत्तमा ५, रूपन्देही

त्रि. वि. तर्फ

**तलब भत्ता तथा अन्य** — अनुसुची ८

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| तलब खर्च | १५,१३०,३२०.०० | १५,७९५,२२८.०० |
| भत्ता | १,३५०,२७४.०० | १,२९५,४००.०० |
| दशैं खर्च | १,३३८,९९२.०० | १,३४४,८५६.०० |
| अन्य पारिश्रमिक | ९,४२९,२६५.०० | ९,९२६,५४६.०० |
| संचयकोष थप | १,२१८,३४३.२० | १,२६५,६३०.०० |
| सुरक्षा गार्ड तलव | २१६,९६०.०० | १५४,३७२.०० |
| उपदान | ७,०००,०००.०० | २,०००,०००.०० |
| विदा मूआव्जा | १,५००,०००.०० | ७२५,६४२.०० |
| **जम्मा** | **३७,१८४,१५४.२०** | **३२,५०७,६७४.००** |

**व्यवस्थापन (संचालन) खर्चको विवरण** — अनुसुची ९

| | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| दैनिक भ्रमण भत्ता | ३५९,८४०.०० | ३३३,८९५.०० |
| परीक्षा/दर्ता / थेशिस खर्च | २,८५०,८०९.०० | ३,४६०,४३८.०० |
| मसलन्द तथा छपाई | ४१०,८०७.५० | २५६,१८८.०० |
| विज्ञापन | ९७,५६३.०० | ८६,३२३.०० |
| छात्रबृत्ति वितरण | ८०६,१००.०० | ७२८,७२०.०० |
| लेखापरीक्षण शुल्क | ५४,६५०.०० | ४८,०००.०० |
| मर्मत संभार | १,२४४,२९३.०० | १,७०८,९९४.०० |
| टेलिफोन तथा इन्टरनेट | २९३,४६४.०० | १२२,०८६.०० |
| विद्युत महशुल | ३३८,३२१.८४ | २६७,२७९.०० |
| खानेपानी महशुल | ३४,४६४.७७ | ३८,४९७.०० |
| शिक्षण अभ्यास सीपमुलक तालिम खर्च | १२३,०२०.०० | ३०१,८२०.०० |
| इन्धन | १,१०२,७१२.५१ | १,०२२,९५२.०० |
| बीमा तथा कर | १९८,९८२.०० | ११०,७००.०० |
| अतिथि सत्कार | २८२,०१८.०० | १३१,३६७.०० |
| भवन विकि घाटा | | ४,२३२,७३५.०० |
| पत्रपत्रिका | १४,०००.०० | २,०००.०० |
| अतिरिक्त क्रियाकलाप | १०२,३५३.०० | ५८,६४०.०० |
| वेवसाइट/नेट सर्भर | ३३,९००.०० | २२,६००.०० |
| सरसफाई खर्च | ५६,४३६.०० | ७७,२२९.०० |
| विद्यार्थी भ्रमण | ४०६,०००.०० | ४६९,३८५.०० |
| अनूसन्धान खर्च | ३६६,९९६.०० | १५८,४०६.०० |
| क्याम्पस वार्षिकोत्सव खर्च | ४२०,५१४.०० | २२२,३५३.०० |
| प्रकाशन खर्च | २२१,४९१.३० | ३१७,३५५.०० |
| क्यु.ए.ए खर्च | १०९,६३९.०० | १०,३६०.०० |
| पोखरी पट्टान | ७३,२३९.०० | २२,६४५.०० |
| टि सर्ट खरीद | १३५,७६२.३५ | |
| बस भाडा खर्च | | २,३६०.०० |

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था.: २०४५

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

# राममणि बहुमुखी क्याम्पस
## तिलोत्तमा ५, रूपन्देही

**त्रि. वि. तर्फ**

| | | |
|---|---|---|
| नविकरण खर्च | ५,५००.०० | ९७,०००.०० |
| क्यामपस सभा खर्च | | ३३,०००.०० |
| अन्य खर्च | ११,४०५.०० | ३६,२६५.०० |
| कर्मचारी तालिम | १०७,६२३.०० | ३९,८४०.०० |
| अभिमूखिकरण खर्च | ११२,८२९.०० | ४६,३९९.०० |
| शिक्षक शैक्षिक भ्रमण | ३०८,११५.०० | १४९,६८४.९५ |
| बगैंचा र सियारी | १२९,५१४.०० | १८१,९९९.०० |
| भवन उद्घाटन खर्च | ६८,१३०.०० | |
| सेल र इकाई | २९५,१५५.०० | |
| विद्युत व्यबस्थापन | ६६७,९४१.०० | |
| अतिरिक्त कक्षा | १७४,०००.०० | |
| छूट | ८१३,६००.०० | |
| स्वास्थ्य ईकाइ सञ्चालन खर्च | ६,९३०.०० | |
| अतिरित्त तालिम शिक्षा (गैर केडिट) | ३९६,४००.०० | |
| कार्यालय व्यबस्थापन | ४९,०००.०० | |
| सामाजिक कार्य | २२,२१६.०० | |
| कर्मचारी पोशाक खर्च | ६९,०००.०० | ४९,४५०.०० |
| सफ्टवेयर खर्च | १०९,६१०.०० | २८,९२८.०० |
| कानूनी खर्च | १३२,१८५.०० | |
| **जम्मा** | १३,६१६,५२९.२७ | १४,८७५,८९२.९५ |
| ह्रासकट्टी खर्च | ३,९४२,४६३।७७ | ३,१२०,०७१।४७ |
| **कूल खर्च** | ५४,७४३,१४७.२४ | ५०,५०३,६३८.४२ |

| | | | |
|---|---|---|---|
| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था.: २०४५

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

# राममणी बहुमुखी क्याम्पस
## तिलोत्तमा ५ रुपन्देही
### आ.व. २०८०।८१ को स्थिर सम्पत्ति तथा ह्रासकट्टी विवरण

अनुसुची ४

| क.स | सामानको नाम | अ.ल्या. | यस बर्ष थप | बिक्री/अपलेखन समायोजन | जम्मा | ह्रासकट्टी दर | ह्रासकट्टी रकम | बांकी किताबी मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | क्याम्पस भवन | २,३६१,८६२.९९ | १९६,१८८.०० | | २,५५८,०५०.९९ | ५% | ११८,०९३.१५ | २,४३९,९५७.८४ |
| २ | पुस्तकालय भवन | १,३४९,१४६.९७ | | | १,३४९,१४६.९७ | ५% | ६७,४५७.३५ | १,२८१,६८९.६२ |
| ३ | भवन (भारतीय राजदुतावास) | | १८,६४९,८८३.४२ | १८,६४९,८८३.४२ | - | ५% | - | - |
| ४ | फर्निचर (भारतीय राजदुतावास) | | १९०,३८१.३९ | | १९०,३८१.३९ | २५% | - | १९०,३८१.३९ |
| ५ | खेल मैदान | १८७,६९२.४५ | ७४,३२९.०० | | २६२,०२१.४५ | ५% | ९,३८४.६२ | २५२,६३६.८३ |
| ६ | पर्खाल | ७२७,२१०.५७ | | | ७२७,२१०.५७ | ५% | ३६,३६०.५३ | ६९०,८५०.०४ |
| ७ | अन्य निर्माण | ६,१३८,४९०.६१ | | | ६,१३८,४९०.६१ | ५% | ३०६,९२४.५३ | ५,८३१,५६६.०८ |
| ८ | पुस्तक | १,३३१,०६७.६० | २६२,५५८.०० | | १,५९३,६२५.६० | २५% | ३३२,७६६.९० | १,२६०,८५८.७० |
| ९ | फर्निचर | १,१०४,४००.१७ | १,३५०,२५८.८० | | २,४५४,६५८.९७ | २५% | २७६,१००.०४ | २,१७८,५५८.९३ |
| १० | कम्प्युटर अनुसन्धान | १,०६४,०७७.९८ | | | १,०६४,०७७.९८ | २५% | २६६,०१९.५० | ७९८,०५८.४९ |
| ११ | टेलिफोन | ३,०००.०० | | | ३,०००.०० | २५% | ७५०.०० | २,२५०.०० |
| १२ | पंखा | १६०,१८१.०२ | ३५,६४१.०० | | १९५,८२२.०२ | २५% | ४०,०४५.२६ | १५५,७७६.७७ |
| १३ | सवारी साधन बस लु१क ७८० | ११३,५०२.५७ | | | ११३,५०२.५७ | २०% | २२,७००.५१ | ९०,८०२.०६ |
| १४ | सवारी साधन बस लु१क४७३९ | १,५९१,२५४.६६ | | | १,५९१,२५४.६६ | २०% | ३१८,२५०.९३ | १,२७३,००३.७३ |
| १५ | इन्भर्टर र व्याट्री | १४६,४२२.४६ | २७,०००.०० | | १७३,४२२.४६ | २५% | ३६,६०५.६२ | १३६,८१६.८५ |
| १६ | जेनेरेटर | १७,१५८.४९ | | | १७,१५८.४९ | १५% | २,५७३.७७ | १४,५८४.७२ |
| १७ | ४ कोठे भवन | २,२९७,९१४.६९ | | | २,२९७,९१४.६९ | ५% | ११४,८९५.७३ | २,१८३,०१८.९६ |
| १८ | मोटरसाइकल स्टेण्ड | ३९,६१७.५८ | | | ३९,६१७.५८ | २०% | ७,९२३.५२ | ३१,६९४.०६ |
| १९ | फोटोकपी मेशीन | २३४,७२१.३८ | ५४,०००.०० | | २८८,७२१.३८ | २५% | ५८,६८०.३५ | २३०,०४१.०४ |
| २० | अन्य सामान | ७,३२७.७३ | | | ७,३२७.७३ | २५% | १,८३१.९३ | ५,४९५.८० |
| २१ | नया निर्माणधिन भवन प्रदेश | १४,३७७,१३८.२४ | ३४८,२०४.०० | | १४,७२५,३४२.२४ | ५% | ७१८,८५६.९१ | १४,००६,४८५.३३ |
| २२ | ल्याव सामान | ३५१,६९९.९२ | | | ३५१,६९९.९२ | १५% | ५२,७५४.९९ | २९८,९४४.९३ |
| २३ | प्रयोगशाला निर्माण बिज्ञान | २३९,००४.८१ | | | २३९,००४.८१ | १५% | ३५,८५०.७२ | २०३,१५४.०९ |
| २४ | भाषा ल्याव | १,४२५,६२५.५१ | | | १,४२५,६२५.५१ | १५% | २१३,८४३.८३ | १,२११,७८१.६८ |
| २५ | मोवाइल सेट | ९,०२८.०० | | | ९,०२८.०० | २५% | २,२५७.०० | ६,७७१.०० |
| २६ | भोल्ट गार्ड | ८,२५४.२९ | | | ८,२५४.२९ | २५% | २,०६३.५७ | ६,१९०.७२ |
| २७ | प्रोजेक्टर रस्टेण्ड | २५६,०६१.०६ | ७५७,२६६.५० | | १,०१३,३२७.५६ | २५% | ६४,०१५.२७ | ९४९,३१२.३० |
| २८ | साउन्ड सिष्टम | १५,४१८.८७ | | | १५,४१८.८७ | २५% | ३,८५४.७२ | ११,५६४.१६ |
| २९ | घास काटने मेशीन | २८६,७२६.१२ | | | २८६,७२६.१२ | १५% | ४३,००८.९२ | २४३,७१७.२० |

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५ मणिग्राम, रुपन्देही

R.P.K.S. ASSOCIATES ★ KATHMANDU NEPAL ★ CHARTERED ACCOUNTANTS

# राममणी बहुमुखी क्याम्पस
## तिलोत्तमा ५ रुपन्देही
### आ.व. २०८०।८१ को स्थिर सम्पत्ति तथा ह्रासकट्टी विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३० | सिसिटिभी क्यामरा | ४६७,६१३.७२ | | | ४६७,६१३.७२ | २५% | ११६,९०३.४३ | ३५०,७१०.२९ |
| ३१ | खानेपानी सिष्टम | ४५३,५५६.२० | | | ४५३,५५६.२० | १५% | ६८,०३३.४३ | ३८५,५२२.७७ |
| ३२ | हेल्थ डेष्क एण्ड रोजगार सेल | १,४८७,०८५.९५ | | | १,४८७,०८५.९५ | १५% | २२३,०६२.८९ | १,२६४,०२३.०६ |
| ३३ | ए.सी. | २७०,३६४.९१ | | | २७०,३६४.९१ | १५% | ४०,५५४.७४ | २२९,८१०.१८ |
| ३४ | फुटपाथ इन्टरलक ब्लक पाभिङ | १,७४६,४७०.११ | ६०,९१८.०० | | १,८०७,३८८.११ | ५% | ८७,३२३.५१ | १,७२०,०६४.६० |
| ३५ | क्यान्टिन र ट्रष्ट | २,४९७,७७८.०० | | | २,४९७,७७८.०० | ५% | १२४,८८८.९० | २,३७२,८८९.१० |
| ३६ | गाग्री | ७,३०९.३७ | | | ७,३०९.३७ | २५% | १,८२७.३४ | ५,४८२.०३ |
| ३७ | नम्बरीङ मेसीन | ३,३७५.०० | | | ३,३७५.०० | २५% | ८४३.७५ | २,५३१.२५ |
| ३८ | साउन्ड सिस्टम | २२,७८७.५० | १२,०००.०० | | ३४,७८७.५० | २५% | ५,६९६.८८ | २९,०९०.६३ |
| ३९ | आगो निभाउने मेसिन | १२,०००.०० | १२,०००.०० | | २४,०००.०० | २५% | ३,०००.०० | २१,०००.०० |
| ४० | ई लाइब्रेरी | १११,०००.०० | | | १११,०००.०० | २५% | २७,७५०.०० | ८३,२५०.०० |
| ४१ | पोखरी निर्माण | ३५४,८३५.०० | | | ३५४,८३५.०० | २५% | ८८,७०८.७५ | २६६,१२६.२५ |
| ४२ | हाजिरि मेसिन | | २६,०००.०० | | २६,०००.०० | २५% | - | २६,०००.०० |
| ४३ | राउटर | | ६,५००.०० | | ६,५००.०० | २५% | - | ६,५००.०० |
| ४४ | पैसा गन्ने मेसिन | | २९,०००.०० | | २९,०००.०० | २५% | - | २९,०००.०० |
| ४५ | ठेलागाडी | | ५,५००.०० | | ५,५००.०० | २५% | - | ५,५००.०० |
| | **जम्मा** | ४३,२७८,१८२.२० | २२,०९७,६२८.११ | १८,६४९,८८३.४२ | ४६,७२५,९२७.२० | | ३,९४२,४६३.७७ | ४२,७८३,४६३.४३ |

| | | | |
|---|---|---|---|
| बिष्णु प्रसाद भूसाल | तारा प्रसाद पराजुली | ध्रुवकुमार धिताल | सि.ए. राजमणि भट्टराई |
| **लेखा प्रमुख** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **लेखापरीक्षक** |

R.P.K.S. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU NEPAL

राममणि बहुमुखी क्याम्पस तिलोत्तमा-५, मणिग्राम, रुपन्देही स्था.: २०४५

# राममणि बहुमुखी क्याम्पस

## तिलोत्तमा नगरपालिका ०५, रूपन्देही

## आ.व.२०८०।८१ को लेखासंग सम्बन्धित नीतिहरू

## त्रि. वि.

**कानुनी अस्तित्व**

त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति प्राप्त व्यवस्थापन, मानविकी र शिक्षा संकाय अन्तर्गतको उच्च शिक्षा ( स्नातकोत्तर सम्मको अध्ययन) वि.वि.एस, वि.एड, विए, एम.वि.एस, एम ए (समाजशास्त्र) प्रदान गर्ने सेवामूलक सार्वजनिक निकाय अन्तरगत सामुदायिक क्याम्पसको रूपमा संचालनमा रहेको छ ।

**लेखा सम्बन्धी धारणा**

संलग्न वित्तीय विवरणहरू नेपाल लेखामान अनुसार दोहोरो लेखाप्रणालीमा आधारित भएर तयार गरिएका छन् ।

**लेखाङ्कन आधार**

वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा आम्दानी (Cash basis) र खर्च (Accural basis) मा तयार गरिएको छ । वित्तीय विवरण तयार पार्दा केही आवश्यक लेखानीति अनुमान गरिएका छन् । विश्वविद्यालय अनुदान आयोग र अन्य निकायबाट पुंजीगत संरचनाको लागि प्राप्त अनुदान र चन्दा वापत प्राप्त रकमलाई पुंजीगत कोषमा राखी परिचालन गर्ने नीति लिइएको छ ।

**आन्तरिक नियन्त्रण प्रणाली**

क्याम्पस संचालक समितिको निर्णयबाट आम्दानी खर्च अनुमोदन गर्ने र आन्तरिक लेखापरीक्षण गर्ने गरेको छ ।

**स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिलाई परल मोलको आधारमा संख्या सहित मुल्य समेत लेखाङ्कन गरिएको छ ।

**आन्तरिक आय**

क्याम्पस संचालनको लागि नेपाल सरकारका निकायहरूबाट अनुदान प्राप्त गरिएको साथै आन्तरिक आयतर्फ क्याम्पस संचालक समितिको निर्णयको आधारमा निर्धारण गरिएका शुल्कहरू, दस्तुर र अन्य आय लेखाङ्कन गरि आन्तरिक आय कायम गरिएको छ ।

R.P.K.S. ASSOCIATES
KATHMANDU
NEPAL
CHARTERED ACCOUNTANTS

# राममणि बहुमुखी क्याम्पस

## तिलोत्तमा नगरपालिका ०५, रूपन्देही

## आ.व.२०८०।८१ को लेखासंग सम्बन्धित नीतिहरू

## त्रि. वि.

**खर्च तर्फ**

शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता तथा सुविधाहरू क्याम्पस संचालक समितिको निर्णयबाट तोकिए बमोजिम भुक्तानी गरिएको साथै अन्य खर्चको हकमा आवश्यकतानुसार भए गरेको छ ।

**पारिश्रमिक कर**

शिक्षक तथा कर्मचारीहरूबाट प्रचलित आयकर ऐन बमोजिम सामाजिक सुरक्षा कर र पारिश्रमिक कर कट्टी गरी दाखिला गर्ने गरिएको छ ।

**नगद र बैंक मौज्दात**

बैंक मौज्दात बैंक स्टेटमेन्ट बमोजिम यथार्थ रहेको र नगद मौज्दात लेखापालको जिम्मा रहने गरेको छ ।

**भौतिक निर्माण संभारतर्फ**

क्याम्पसको आर्थिक प्रशासन विनियम बमोजिम निर्माण कार्य गराउंदा क्याम्पस संचालक समितिले समितिका सदस्यको सयोजकत्वमा छुट्टै निर्माण उपसमिति गठन गरी निर्माण कार्य गराउने गरिएको छ ।

**लेखापरीक्षणसंग सम्बन्धित टिप्पणीहरू**

१। क्याम्पसले त्रिभूवन विश्व विद्यालयबाट क्यू. ए. ए. मान्यता प्राप्त गरी सकेको पाइयो ।

२। क्याम्पसको स्नातक र स्नातकोत्तर तर्फ आ.व. २०८०।८१ मा जम्मा आम्दानी रू. ५२,३१६,२७४।५५ ( अनुदान समेत) भएकोमा खर्च तर्फ तलवभत्ता, अन्य संचालन खर्च र ह्रासकट्टी समेत रू.५४,७४३,१४७।२४ कट्टी गर्दा रू.२,४२६,८७२।६९ घाटा भएको पाइयो । २०८१ आषाढ मसान्तसम्म जम्मा सञ्चित बचत रू.५१,८१२,५१५।७८ देखिन्छ । जसमा रु. १८,६४९,८८३।४२ भवन पुर्नमुल्याकंन तथा रु. १९०,३८१।३९ फर्निचर पुर्नमुल्याकंन गरिएको रकम थपेर देखाइएको छ।

३। प्रस्तुत अवधिमा क्याम्पस तर्फ देखाइएको राममणीले श्री शान्ति नमूना मा. वि. को जग्गा भाडामा लिएकोमा भारतिय राजदुतावासले बनाइदिएको भवन र त्यसमा भएको फर्निचर यस वर्ष मुल्याकंन गरि देखाइएको छ । जुन भवन अहिले जग्गा सहित श्री शान्ति नमूना मा. वि. लाई नै सोहि मुल्याकंनमा नया करार गरि अग्रिम भुक्तानी भएको भाडा पनि मिलान गरिएको छ ।

R.P.K.S. ASSOCIATES KATHMANDU NEPAL CHARTERED ACCOUNTANTS

# रामणि बहुमुखी क्याम्पस

## तिलोत्तमा नगरपालिका ०५, रूपन्देही

## आ.व.२०८०।८१ को लेखासंग सम्बन्धित नीतिहरू

## त्रि. वि.

४। प्रस्तुत अवधिमा पुंजीगत खर्च रु. ३,४४७,७४४।६९ भएको पाइयो ।

५। २०८१ आषाढ मसान्त सम्मको बैंक तथा नगद मौज्दात रू.५३,९९७,६७७।१५ भएको पाइयो ।

६। क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर र आयकर दाखिला भएको पाइयो ।

७ सामान खरीद तथा सेवा वापत भूक्तानी गर्दा अगिंम कर कट्टी गर्ने गरेको र अग्रिम कर दाखिला गरेको पाइयो ।

८। विश्वबिद्यालय अनुदान आयोगले फर्निचर खरिद गर्नका निमित्त दिइएको अनुदान रु.१२,५०,०००।०० बरावरको रकम, प्रयोग भएको पाइयो ।

९। महायज्ञमा वाकदान मौखिक रुपमा घोषणा गरेको मध्ये रु ३,७१५,५४३।५० अघिल्लो वर्षहरु देखि नउठेको देखिन्छ । यसलाई अपलेखन वा अवमुल्यन गरि खर्च मा उल्लेख गर्नु उचित हुने देखिन्छ ।

| | | | |
|---|---|---|---|
| बिष्णू प्रसाद भूसाल | तारा प्रसाद पराजूली | ध्रूव कूमार धिताल | सि. ए. राजमणि भट्टराई |
| लेखा प्रमूख | क्याम्पस प्रमूख | अध्यक्ष | लेखापरिक्षक |